क्रान्तिको पाठशाला

□चंकी श्रेष्ठ

त्यो युवतीलाई भेटेपछि
मलाई बोध भयो □
धोकापूर्ण राजनीतिविरुद्ध
वेश्यावृत्ति पनि यो देशमा सशक्त कारबाही हो

जोन हब्सको पुस्तकभित्र
अलंकार पहिरेर सजिएको छ संविधानको आदर्श
भाषाको सुन्दर जलप लगाएर
संविधानको पुस्तकभित्र थुनिएका छ मौलिक हक
प्रजातन्त्र र समाजवाद यो देशमा
कु□सका त्यस्ता चिल्ला दाना हुन्
जसभित्र केवल ढुसी हुन्छ

त्यो युवतीलाई भेटेपछि
मलाई बोध भयो □
वेश्यावृत्ति यो देशमा प्रजातन्त्रभन्दा सुन्दर व्यवस्था हो

देशमा बुद्धको तस्बिर र हिंसाका खबर
बिकिरहेछन् एकसाथ
एकसाथ बिकिरहेछन्
बेइमानी र संवेदनाका कविता
हो, एकसाथ चलिरहेछन्
क्रान्ति र सुरक्षाका मुनाफादायक व्यवसाय
सूचनाको हक यो देशमा
त्यत्तिकै सुरक्षित छ
जति सुरक्षित छन् यस देशका नागरिकह□

इमानको परिणाम खोज्नु यो देशमा
एउटी बैंशालु आइमाईले त्यो मानिससँग यौनसुख खोज्नु हो
जो जन्मजात हुन्छ हिँजडा
यद्यपि इमानबिना क्रान्ति हुँदैन
क्रान्तिबिना यो देश देश रहँदैन

दुःख छ
मुटु नै कटक्टी खाने दुःख छ
दुःख, वेश्यावृत्ति र इमानबीच के साइनो छ कुन्नि □
त्यो युवतीलाई भेटेपछि
मलाई अनुभव भयो □
वेश्यालय यो देशमा क्रान्तिको पहिलो पाठशाला हुनसक्छ
□□□□□□□□□□□□□□□□□
□□□□□□□□□□□□□□□□□□□□□□□□□□□□□□□□□□

जन्मः २०२८,भदौ २५, गुण्डू, भक्तपुर ।
शिक्षा : स्नातक,पेसाः पत्रकारिता
प्रकाशित कृतिः फूलबिनाको शाखा (गजल संग्रह)
पुरस्कारः राष्टिय□गजल गोष्ठी पुरस्कार २०५७, साहित्यिक पत्रकार संघ सम्मान २०६०
सिर्जनाको प्रमुख विधाः कथा, कविता
सम्पर्कः ६६१६२५८